मिति २०८३/०६/०७ को राष्ट्रिय दैनिक पत्रिका कारेबारमा प्रकाशित गरीने सूचनाको प्रति

**सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड**
**नारायणहिटी पथ, काठमाण्डौं**
**को**
**२० औं वार्षिक साधारण सभा बस्ने सम्बन्धी**
**सूचना**

मिति २०८३/०६/०६ गते बसेको सञ्चालक समितिको ५२२ औं बैठकले निर्णय गरे अनुसार यस बैंकको २० औं वार्षिक साधारण सभा निम्न लिखित मिति, स्थान र समयमा निम्न विषयहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी तथा उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**१. सभा हुने मिति, स्थान र समय**

सभा हुने मिति :- २०८३ साल आश्विन महिना २८ गते (तदअनुसार अक्टोबर १४, २०२६) बुधबार ।
स्थान :- अमृतभोग, कालिकास्थान, डिल्लीबजार, काठमाण्डौं ।
सभा सुरु हुने समय :- बिहान ११:०० बजे ।

**२. छलफलका विषयहरु :**

**क. साधारण प्रस्तावहरु**

१. आ.व. २०८२/८३ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन माथि छलफल गरी पारित गर्ने ।
२. लेखापरीक्षकको प्रतिवेदन सहित २०८३ आषाढ मसान्तको बैंक तथा बैंकको सहायक कम्पनीहरु सहितको एकीकृत वासलात र मिति २०८२/०४/०१ देखि २०८३/०३/३२ सम्मको नाफा नोक्सानको हिसाब तथा सोही अवधिको नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरुमाथि छलफल गरी पारित गर्ने ।
३. सञ्चालक समितिबाट प्रस्ताव गरे अनुसार साधारण शेयरधनीहरुलाई कर प्रयोजनार्थ चुक्ता पूँजीको ०.२० प्रतिशतका दरले हुन आउने रु. ३,१०,१४,९२७.२३ बराबरको नगद लाभांश वितरण गर्न स्वीकृत गर्ने ।
४. कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आ.व. २०८३/८४ को लेखापरीक्षण गर्न लेखापरीक्षण समितिको सिफारिसमा लेखापरीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

**ख. विशेष प्रस्तावहरु**

१. सञ्चालक समितिबाट प्रस्ताव गरे अनुसार साधारण शेयरधनीहरुलाई चुक्ता पूँजीको ३.८० प्रतिशतका दरले हुन आउने रु. ५८,९२,८३,६१७.३४ बराबरको बोनस शेयर वितरण गर्न स्वीकृति प्रदान गर्ने ।
२. बैंकको प्रबन्धपत्रमा संशोधन गर्ने ।
   (क) बैंकको जारी पूँजी तथा चुक्ता पूँजी बृद्धि गर्ने सम्बन्धमा ।
३. बैंकको प्रबन्धपत्रसंशोधन गर्न अनुमति लिनु पर्ने निकायहरुबाट प्राप्त हुन आउने निर्देशन बमोजिम थपघट लगायत आवश्यक संशोधन गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

**ग. विविध**

**साधारण सभा सम्बन्धी अन्य जानकारी**

१. वार्षिक साधारण सभालाई ध्यानमा राखि मिति २०८३/०६/१९ गते १ दिन बैंकको शेयरधनी दर्ता किताब बन्द रहने छ । नेपाल स्टक एक्स्चेन्ज लिमिटेडमा २०८३/०६/१६ गतेसम्म कारोबार भई म्यादभित्र यस बैंकको शेयर रजिष्ट्रार सिटिजन्स क्यापिटल लिमिटेड, बाटुलेघर, डिल्लीवजार, काठमाडौंमा प्राप्त शेयर नामसारीको लिखतको आधारमा शेयरधनीदर्ता किताबमा कायम शेयरधनीहरुले सो सभामा भाग लिन र बोनस शेयर तथा नगद लाभांश पाउने छन् ।
२. वार्षिक साधारण सभामा भाग लिन इच्छुक शेयरधनी महानुभावहरुले शेयर प्रमाणपत्र वा डिम्याट खाताको विवरण र आफ्नो परिचय खुल्ने प्रमाण वा सोको प्रतिलिपि अनिवार्य रुपमा साथमा लिई आउनु हुन अनुरोध छ ।

३. शेयरधनी महानुभावहरुको उपस्थिति पुस्तिकामा दस्तखत गर्न शेयरधनी पुस्तिका विहान ९:०० बजे देखि खुल्ला गरिने छ ।

४. साधारण सभामा भाग लिनका लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरुले प्रचलित कम्पनी कानूनले तोकेको ढांचामा प्रतिनिधिपत्र (प्रोक्सी) फारम भरी सभा शुरु हुनुभन्दा कम्तीमा ४८ घण्टा अगाडि अर्थात् मिति २०८३/०६/२६ गते ११:०० बजेभित्र बैंकको मुख्य कार्यालय नारायणहिटी पथ, दरबारमार्गमा दर्ता गराई सक्नु पर्नेछ । बैंकको शेयरधनी बाहेक अरुलाई प्रोक्सी दिन र एकभन्दा बढी व्यक्तिलाई आफ्नो शेयर विभाजन गरी तथा अन्य कुनै किसिमबाट छुट्याई प्रोक्सी दिन पाइने छैन, यसरी दिइएको प्रोक्सी बदर हुनेछ ।

५. प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिसकेपछि सम्बन्धित शेयरधनीले प्रतिनिधि फेरबदल गर्न चाहेमा यस अघि दिएको प्रतिनिधि (प्रोक्सी) बदर गरी यो प्रतिनिधि (प्रोक्सी)लाई मान्यता दिइयोस् भन्ने छुट्टै पत्र सहित प्रोक्सी फाराम बैंकको मुख्य कार्यालयमा सभा शुरु हुनुभन्दा कम्तीमा ४८ घण्टा अगावै दर्ता गराएको अवस्थामा अघिल्लो प्रतिनिधिलाई स्वत: बदर भएको मानी पछिल्लो प्रतिनिधि (प्रोक्सी) लाई मान्यता दिइने छ । प्रतिनिधि नियुक्त गरी सकेको शेयरधनी आफै सभामा उपस्थित भई हाजिर पुस्तिकामा दस्तखत गरेमा निजले दिएको प्रतिनिधि (प्रोक्सी) स्वत: बदर हुनेछ ।

६. बुँदा नं. १ मा उल्लेख गरे बमोजिम शेयरधनी दर्ता किताबमा कायम शेयरधनीहरु मात्र सो सभाबाट पारित बोनस शेयर र लाभांश रकमको हकदार हुनेछन् ।

७. एकभन्दा बढी व्यक्तिहरुको संयुक्त नाममा शेयर दर्ता रहेको अवस्थामा सर्वसम्मतबाट प्रतिनिधि चयन गरिएको एकजनाले मात्र वा लगत किताबमा पहिलो नाम उल्लेख भएको व्यक्तिले सभामा भाग लिन सक्ने छन् ।

८. नाबालक शेयरधनीहरुको तर्फबाट बैंकको शेयर लगत दर्ता किताबमा संरक्षकको रुपमा नाम दर्ता भइरहेका महानुभावहरुले सभामा भाग लिन, मतदान गर्न वा प्रतिनिधि तोक्न सक्नु हुनेछ ।

९. साधारण सभा सम्बन्धमा थप जानकारी आवश्यक परेमा कार्यालय समयभित्र बैंकको प्रधान कार्यालय नारायणहिटी पथ, काठमाण्डौमा सम्पर्क राख्न समेत अनुरोध गरिन्छ ।

१०. सुरक्षाको दृष्टिकोणले शेयरधनी महानुभावहरु सभा स्थलमा आउँदा झोला लगायतका वस्तुहरु नलिई आउनु हुन अनुरोध छ । आवश्यक देखिएमा सुरक्षाकर्मीले सुरक्षा जाँच गर्न सक्ने हुँदा सो कार्यमा सहयोग गरिदिनु हुन समेत अनुरोध गरिन्छ ।

**पुनश्च:** कम्पनी ऐन २०६३ अनुसारको वार्षिक आर्थिक विवरण, सञ्चालक समितिको प्रतिवेदन र लेखापरीक्षकको प्रतिवेदन शेयरधनी महानुभावहरुले कम्पनीको मुख्य कार्यालय नारायणहिटी पथ, काठमाण्डौं तथा यस बैंकको शेयर रजिष्ट्रार सिटिजन्स क्यापिटल लिमिटेड, बाटुलेघर, डिल्लीबजार, काठमाण्डौमा उपस्थित भई निरीक्षण गर्न र प्राप्त गर्न सक्ने व्यहोरा समेत जानकारीका लागि सूचित गरिन्छ । संक्षिप्त आर्थिक विवरण लगायत वार्षिक साधारण सभामा पेश हुने सम्पूर्ण प्रस्तावहरु बैंकको Website: www.ctznbank.com मा पनि हेर्न सक्नुहुनेछ ।

सञ्चालक समितिको आज्ञाले,
कम्पनी सचिव